October 4th, 2023

National News

प्रमुख समाचारः-

1. उज्वला योजनाका लाभार्थीलाई एलपी ग्यासको अनुदानमा प्रति सिलिन्डर थप १०० रुपैयाँको अनुदान दिइने सरकारको मञ्जुरी

2. सिक्किमको मंगन जिल्लाको लोनाक तालमा बादल फाटेर टिस्टा नदीमा बाढी आउँदा राज्यमा व्यापक क्षति, सेनाका जवानहरू बेपत्ता

3. बिहारको उत्तर-पश्चिम र दक्षिण-पूर्वमा भारी वर्षा जारी

4. सन् २०२३ को रसायनशास्त्रको नोबेल पुरस्कार क्वान्टम डट्सको खोज र संश्लेषणका लागि तीन वैज्ञानिकहरूलाई संयुक्त रूपमा प्रदान गरिने

5. हांग्जाउ एसियाली खेलकुदमा भारतको अहिलेसम्मकै उत्कृष्ट प्रदर्शन

## 1. Cabinet Decision

सरकारले उज्वला योजनाका लाभार्थीलाई एलपी ग्यासको अनुदानमा प्रति सिलिन्डर १०० रुपैयाँ बढाएको छ । सूचना र प्रसारण मन्त्री श्री अनुराग सिंह ठाकुरले केन्द्रीय मन्त्रिपरिषद्ले प्रधानमन्त्री उज्वला योजनाका लाभार्थीहरूको लागि एलपीजी सब्सिडी प्रति सिलिन्डर 200 रुपैयाँबाट बढाएर 300 रुपैयाँ प्रति सिलिन्डर गर्न मञ्जुरी दिएको बताउनुभयो। श्री ठाकुरले तेलंगाना र आन्ध्र प्रदेश बीचको निर्णयको लागि अन्तर-राज्य नदी जल विवाद ऐन, 1956 अन्तर्गत कृष्ण जल विवाद न्यायाधिकरण- द्वितीयको सन्दर्भ सर्तहरूलाई पनि मन्त्रिपरिषद्ले मञ्जुरी दिएको बताउनुभयो। विवादको समाधानले दुवै राज्यमा विकासको नयाँ मार्ग खोल्नेछ। श्री अनुराग सिंह ठाकुरले तेलंगानामा सम्माक्का सरक्का केन्द्रीय जनजाति विश्वविद्यालयको स्थापनाको लागि केन्द्रीय विश्वविद्यालय अधिनियम, 2009 मा संशोधन पनि स्वीकृत भएको जानकारी दिनुभयो। मुलुगु जिल्लामा आठ सय ९९ करोडभन्दा बढीको लागतमा विश्वविद्यालय स्थापना हुन लागेको हो ।

2. <u>Govt – Turmeric Board</u>

सरकारले हल्दी र यसका उत्पादनको प्रवद्र्धन गर्न राष्ट्रिय हल्दी बोर्ड गठनलाई आज स्वीकृत गरेको छ । यस बोर्डले मसला बोर्ड र अन्य सरकारी निकायहरूसँग हल्दी सम्बन्धी मुद्दाहरूमा राम्रो समन्वय स्थापित गर्नेछ। भारत विश्वमा हल्दीको सबैभन्दा ठूलो उत्पादक, उपभोक्ता र निर्यातकर्ता हो। देशका २० राज्यमा ३० भन्दा बढी जातका हल्दी उत्पादन गरिन्छ । महाराष्ट्र, तेलंगाना, कर्नाटक र तमिलनाडु देशमा हल्दीको सबैभन्दा ठूलो उत्पादक हुन्। विश्वव्यापी हल्दी व्यापारमा भारतको ६२ प्रतिशत हिस्सा छ।

3. <u>Sikkim Flood</u>

सिक्किमको मंगन जिल्लाको लोनाक तालमा आज बिहान अचानक बादल फाटेर टिस्टा नदीमा बाढी आउँदा राज्यमा व्यापक क्षति भएको छ। यस घटनामा २३ जना सैनिक बेपत्ता भएको बताइएको छ । मङ्गन, गान्तोक, पाकिम र नामची जिल्लामा ठूलो क्षति भएको बताइएको छ। कयौं पुल भत्केका छन् र घरहरु डुबानमा परेका छन् । मङ्गन जिल्लामा सञ्चार सम्पर्क अवरुद्ध भएको छ । राज्य प्रकोप राहत बलले गान्तोकमा २५ जनालाई सुरक्षित स्थानमा निकालेको छ। पश्चिम बङ्गालको सिलिगुडी र सिक्किमलाई जोड्ने राष्ट्रिय राजमार्ग १० (NH 10) कम्तीमा चार ठाउँमा अवरुद्ध भएको छ। पाकिम, मंगन, गान्तोक र नाम्ची जिल्लाका सबै सरकारी र निजी विद्यालयहरूलाई अक्टोबर 8 सम्म बिदा दिइएको छ। सिक्किमका मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले आज बाढी प्रभावित क्षेत्रको भ्रमण गर्नुभएको छ। उहाँले मानिसहरूलाई सतर्क रहन र सुरक्षित स्थानमा शरण लिन आग्रह गर्नुभयो।

4. <u>PM- Sikkim CM</u>

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले आज सिक्किमका मुख्यमन्त्री श्री प्रेमसिंह तामाङसँग कुरा गरेर स्थितिको जानकारी लिनुभएको छ। श्री मोदीले यथासम्भव सहयोग गर्ने आश्वासन दिनुभएको छ। उहाँले प्रभावित मानिसहरूको सुरक्षा र कल्याणको लागि प्रार्थना गर्नुभएको छ।

## 5. IMD Rain

यसैबीच बिहारको उत्तर–पश्चिम र दक्षिण–पूर्वमा भीषण वर्षा भइरहेको छ । विगत तीन दिनदेखि देशका अधिकांश स्थानमा भारी वर्षा भइरहेको छ । मौसम विभागले आज राज्यका १९ जिल्लामा भारी वर्षाको चेतावनी जारी गरेको छ । मौसम विभागले झारखण्ड, पश्चिम बंगाल, सिक्किम र ओडिशाको उत्तरी भागमा आगामी दुई दिनसम्म भारी वर्षा जारी रहने पूर्वानुमान गरेको छ। उत्तर-पूर्वी भारतका धेरै भागहरूमा आगामी तीन दिनसम्म भारी वर्षा हुनसक्ने जनाएको छ।

## 6. West Bengal – Flood Warning

पश्चिम बंगालका सात जिल्लामा बाढीको चेतावनी जारी गरिएको छ । सावधानीका रूपमा कालिम्पोङ, दार्जिलिङ र जलपाईगुडी जिल्लाका मानिसहरूलाई सुरक्षित स्थानमा सारिएको छ। यस विपदमा कुनै मानवीय क्षति हुन नदिन कडा अनुगमन भइरहेको छ ।

## 7. Purosottan Rupala - Animal Day

मत्स्यपालन, पशुपालन तथा दुग्धमन्त्री श्री परषोत्तम रुपालाले पशुपन्छीप्रति संवेदनशील हुनुपर्नेमा जोड दिनुभएको छ। नयाँ दिल्लीमा आज विश्व पशु दिवसको अवसरमा बोल्दै मन्त्रीले जनावर र प्रकृतिप्रतिको स्नेह सधैं भारतको संस्कृतिको हिस्सा रहेको बताउनुभयो।

## 8. Nobel - Chemistry

सन् २०२३ को रसायनशास्त्रको नोबेल पुरस्कार क्वान्टम डट्सको खोज र संश्लेषणका लागि तीन वैज्ञानिकलाई संयुक्त रूपमा प्रदान गरिने भएको छ। तीन वैज्ञानिकहरु (French-American chemist Moungi G Bawendi, American Louis E Brus, and Russian-born Alexei Ekimov) फ्रान्सेली-अमेरिकी रसायनशास्त्री मौंगी जी बावेन्डी, अमेरिकी लुइस ई ब्रुस र रुसी मूलका एलेक्सई एकिमोभ हुन्।

## 9. Bihar Dolphin Conservation

डल्फिन संरक्षण दिवसको अवसरमा बिहारमा विभिन्न कार्यक्रम आयोजना भइरहेका छन् । गंगा नदीमा डल्फिनको संरक्षण र लोकप्रियता सम्बन्धी कार्यक्रम भारतीय प्राणी सर्वेक्षण र गंगा सम्भूमि क्षेत्रीय केन्द्र पटनाले आयोजना गरेको हो। अक्टोबर ५ मा मनाइने डल्फिन संरक्षण दिवसको एक भागको रूपमा यी कार्यक्रमहरू भएका हुन्।

## 10. Asian Games

चीनको हाङ्जाओमा जारी १९ औं एसियाली खेलकुदमा भारतले अहिलेसम्म दुई स्वर्ण, पाँच रजत र चार कास्यसहित ११ पदक जितेको छ । नीरज चोपडाले ज्याभलिन थ्रोमा स्वर्ण र किशोर कुमार जेनाले रजत पदक जिते । महिला ४ गुणा ४०० रिले टोली र ८०० मिटर दौडमा हरमिलन बैन्सले रजत पदक जितिन्। रामबाबु र मञ्जु रानीको जोडीले ३५ किलोमिटर दौड वाक मिक्स टिममा कास्य पदक जिते। कम्पाउण्ड आर्चरीमा ज्योति सुरेखा भेन्नम र ओजस देवतालेको मिश्रित जोडीले स्वर्ण जितेका छन् । बक्सिङमा लभलिना बोर्गोहेनले रजत र परवीन हुड्डाले कास्य पदक जिते । कुस्तीमा सुनिल कुमारले कास्य पदक जिते । स्क्वासमा अनाहत सिंह र अभय सिंहको जोडीले मिश्रित युगलमा कास्य पदक जितेका छन् । योसँगै दीपिका पल्लिकल र हरिन्दर पाल सिंह सन्धुको जोडी फाइनलमा प्रवेश गरेको छ । सौरभ घोषाल पनि सिंगल्सतर्फ फाइनलमा पुगेका छन् । हक्कीमा भारतीय पुरुष टोलीले सेमिफाइनलमा कोरियालाई पराजित गरेको थियो । फाइनलमा भारतले जापानको सामना गर्नेछ। भारत 18 स्वर्ण, 31 रजत र 32 कास्यसहित कुल 81 पदकका साथ पदक तालिकाको चौथो स्थानमा छ । एसियाली खेलकुदमा भारतको यो अहिलेसम्मकै उत्कृष्ट प्रदर्शन हो।